## सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति-२०८०।०६।३० गते

सूर्योदय नगरपालिकाको सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०८०** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४"लाई जनाउनेछ।

**३. मूल कार्यविधिको दफा ३ पछि देहाय बमोजिमको दफा ३क. थप गरिएको छ।**

३क. (१) निर्माण व्यवसायी सेवा फर्म/कम्पनी दर्ता भएको निकायबाट अन्य कसैको नाममा नामसारी भई देहायका कागजात सहित निवेदन पेश हुन आएमा नगरपालिकाले इजाजतपत्र नामसारी गरिदिन सक्नेछ।

(क) निर्माण व्यवसाय फर्म/कम्पनी नामसारी भइ गएको सम्बन्धित निकायको पत्र।

(ख) नामसारी गरी लिने दिने व्यक्तिको संयुक्त निवेदन।

(ग) नामसारी गरी लिने व्यक्तिको ना.प्र. पत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो।

(घ) राजस्व रकम बुझाएको रसिद।